जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३१ अंक ११२ २०७८ साल मंसिर ११ गते शनिबार (27 Nov. 2021 Saturday) मूल्य रु. ५/-

आत्महत्या समस्याको समाधान होइन, अमुल्य जीवन त्यसै खेर नफालौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : प्रदेश नं २ राजधानी टुङ्गिने... ३ पृष्ठमा : राष्ट्रिय जनगणना : पुसदेखि ... ३ पृष्ठमा :रुसमा कोइला खानी ...

## माग पूरा नभए पुनः बीस लाख मानिस उतार्ने महन्थ ठाकुरको चेतावनी

**दैनिक समाचारदाता**
**राजबिराज, १० मंसिर ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले आफूहरुले उठाएका संविधान संशोधन, राजबन्दी रिहा लगायत केही माग पूरा भएको र केही माग अझै पूरा हुन बाँकी रहेको बताएका छन् ।

शुक्रबार चितवनमा नेकपा एमालेको दशौं महाधिवेशन उद्घाटन सत्रलाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् ।



सम्बोधनकै क्रममा अध्यक्ष ठाकुरले संविधान संशोधनको मागसहित सडकमा उत्रिने क्रममा आफूहरुले २० लाख मानिसको सहभागितामा तराई मधेसमा मानव साङ्लो प्रदर्शन गरेको स्मरण गराउँदै उनले माग पूरा नभएमा फेरि पनि २० लाख मानिस उतार्ने चेतावनी समेत दिए ।

उनले मधेसका माग पूरा गर्न नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले निर्वाह गरेको भूमिका प्रशंसा गर्दै मधेस तथा थरूहट आन्दोलनका क्रममा २ सय ९२ जनामाथि लगाइएका मुद्दामध्ये तत्कालीन प्रधानमन्त्री ओलीको सद्भावनाले गर्दा १ सय ३९ जना रिहा भएको बताए ।

मधेसका माग पूरा गर्ने सन्दर्भमा वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले पनि आश्वासन दिएको भन्दै उनले बाँकी माग पूरा गर्न ध्यानाकर्षण गराए । उनले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न पनि माग गरे ।

## जनमत पार्टीले रंगभेद विरुद्ध निकाल्यो र्‍याली




**दैनिक समाचारदाता**
**राजविराज, १० मंसिर ।**

जनमत पार्टीले प्रदेश २ को ८ वटै जिल्लामा शुक्रबार रंगभेद विरुद्ध एकता दिवस मनाएको छ ।

यस क्रममा जनमत पार्टी सप्तरीले शुक्रबार राजविराजमा बृहत प्रदर्शन गरेको छ । जनमत पार्टी सप्तरीका अध्यक्ष चन्देश्वर मण्डलको नेतृत्वमा रंगभेदी नीति विरुद्ध र्‍याली प्रदर्शन गरिएको हो ।

स्थानीय राजरंगशालाबाट निकालिएको विरोध र्‍याली नगर परिक्रमा गरि जनआन्दोलन चौकमा पुगेर बिरोधा सभामा परिणत भएको थियो ।

सो सभालाई सम्बोधन गर्दै नेताहरुले रंगको आधारमा भेदभाव स्वीकार नहुने बताउँदै रंगको आधारमा नागरिकलाई सम्मान अधिकार र अवसरबाट वञ्चित गर्न खोजे शसक्त आन्दोलन गर्ने चेतावनी समेत दिए ।

जिल्ला अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षतामा आयोजित सभालाई केन्द्रिय सदस्य सुरेन्द्र मधेसी, जिल्ला सदस्य महेश यादव, चन्दन सिंह, शिवनन्दन मेहतालगायतले नेताकार्यकर्ताले सम्बोधन गरेका थिए ।

## छिन्नमस्ताका शिक्षकहरुको आन्दोलन स्थगित



**दैनिक समाचारदाता**
**राजविराज, १० मंसिर ।**

विगत डेढ महिनादेखी विभिन्न चरणको आन्दोलनमा उत्रिएका सप्तरीको छिन्नमस्तमा गाउँपालिका अन्तर्गतका शिक्षक कर्मचारीहरुको आन्दोलन स्थगित भएको छ ।

गाउँपालिकाको कामकाज ठप्प पारी धर्नामा बसेका शिक्षक, कर्मचारीहरुको माग सम्बोधनका लागि गाउँपालिका तयार भएकाले ४५ दिनपछि शुक्रबार आन्दोलनका कार्यक्रम स्थगित गरेका हुन् ।

महिनौंको आन्दोलनबाट समेत सुनुवाई नभएपछि गाउँपालिकाअन्तर्गतका १९ सामुदायिक विद्यालयका शिक्षक, कर्मचारी ४ स्वास्थ्य चौकीका स्वास्थ्यकमी समेत कामकाज ठप्प पारी मंसिर १ गतेदेखि गाउँपालिका कार्यालय अगाडि अनिश्चितकालिन धर्नामा बसेका थिए ।

गाउँपालिका अध्यक्ष सुर्य नारायण मण्डलले गापाको आर्थिक वर्ष २०७८/०७९ को गाउँसभा बिहीबार सम्पन्न भएपछि सर्वपक्षीय बैठकबाट आन्दोलनकारीहरुले उठाएको माग सम्बोधन गर्ने निर्णय भएपछि आन्दोलन स्थगित भएको हो ।

गाउँपालिकाअन्तर्गतका सम्पूर्ण विद्यालयलाई तत्कालै पाठ्यपुस्तक उपलब्ध गर्ने, स्वास्थ्य चौकीहरुमा अतिआवश्यक औषधि व्यवस्था गर्ने, गाउँपालिकामा आबाश्यक सामाग्री उपलब्ध गराउने, एक महिनाभित्र शिक्षक कर्मचारीद्वारा उठाएका सम्पूर्ण माग सम्बोधन गर्ने निर्णय भएपछि धर्नालगायतका आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित गरिएको संघर्ष समितिका संयोजक श्याम

*बाँकी अन्तिम पृष्ठमा*



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# प्रदेश नं २ राजधानी टुङ्गिने सम्भावना, नामकरणमा आशङ्का

**राजु विश्वकर्मा**

जनकपुर, १० मङ्सिर (रासस) ।

प्रदेश नं २ सभाको अधिवेशन मङ्सिर २९ गतेका लागि आह्वान भएसँगै प्रदेशको स्थायी राजधानी र नामकरण विषयमा पुनः बहस र छलफल सुरु भएको छ ।

प्रदेशको नाम र राजधानी विषयमा प्रदेशसभाको दुई तिहाइले निर्णय गर्नुपर्ने संवैधानिक व्यवस्था छ तर प्रदेश नं २ सभामा प्रतिनिधित्व गर्ने कुनै पनि दलसँग दुई तिहाइ बहुमत नहुँदा दलीय सहमतिकै आधारमा राजधानी र नामकरण विषय टुङ्गो लगाउनुपर्ने बाध्यात्मक अवस्था छ ।

प्रदेशको राजधानी जनकपुरलाई नै कायम गर्नुपर्ने पक्षमा प्रायः सबै दलका प्रदेशसभा सदस्यमा एक मत देखिए पनि प्रदेश नामकरणको विषयमा सबै दलको आ-आफ्नै अडान छ । त्यसैले प्रदेशको राजधानीको विषय प्रदेशसभाबाट पारित हुने सम्भावना रहे पनि प्रदेश नामाकारणको विषय टुङ्ग्याउन सहज नरहेको जानकारहरू बताउँछन् ।

"प्रदेशको राजधानी जनकपुर नै राख्नेमा करिब करिब सबै प्रदेशसभा सदस्यहरूको एक मत नै रहेको देखिन्छ", जनता समाजवादी पार्टी (जसपा) का नेता तथा प्रदेशसभा सदस्य रामअशिष यादवले भन्नुभयो, "त्यसैले अबको प्रदेशसभाको बैठकबाट प्रदेशको राजधानी टुङ्गो लाग्ने सम्भावना छ ।" राजधानीको विषयमा दुई तीनजना सदस्यबाहेक सबैले जनकपुरमै राजधानी राख्न सहमत रहेको उहाँको भनाइ छ ।

यसअघि २०७७ साल चैत ५ गते प्रदेश नं २ को राजधानी र नामकरणको विषयमा प्रदेशसभामा मतदान भएको थियो । त्यतिबेलै प्रदेशको राजधानी जनकपुर राख्ने विषयमा सहमति नजिक पुगेका राजनीति दलहरूबीच नामकरणमा सहमति नभएपछि मतदान प्रक्रियाबाटै दुवै विषय टुङ्ग्याउने भन्दै मतदान गरेका थिए ।

त्यतिखेर दुई तिहाइ बहुमत नपुगेपछि राजधानी र नामकरणको प्रस्तावसमेत पारित हुन असफल भएको थियो । "उतिबेलै प्रदेशको राजधानी जनकपुर राख्ने विषयमा सबै दलबीच सहमति भएको थियो", नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता एवम् प्रदेश नं २ का आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले भन्नुभयो, "तर सभामुखले कार्यतालिकामा हेरफेर गरेकाले प्रदेशको नामकरणसँगै राजधानीको प्रस्तावसमेत असफल भयो ।"

"दलहरूबीच सहमति भइसकेकाले पहिला राजधानीसम्बन्धी प्रस्तावलाई पेस गर्ने र पछि नामकरणको प्रस्ताव प्रस्तुत गर्ने कार्यतालिकामा सहमति भएको थियो," मन्त्री साहले भन्नुभयो, "तर सभामुखले त्यसको उल्टो पहिला नामकरणको प्रस्ताव प्रस्तुत गर्नुभयो, दोस्रोमा राजधानीको प्रस्ताव पेस गर्नुभयो ।" जसका कारण नत नामकरणको विषय टुङ्गियो न त राजधानी नै उहाँको भनाइ थियो ।

अब बस्ने प्रदेशसभाको बैठकबाट प्रदेशको राजधानीबारे टुङ्गो लाग्ने सम्भावना रहेको नेकपा (एकीकृत समाजवादी) का प्रदेशसभा सदस्य गोबिन्दबहादुर न्यौपानेले विश्वास व्यक्त गर्नुभयो । "सुरुमा वीरगञ्जमा राजधानी माग गर्दै आन्दोलन भए पनि अहिले जनकपुर नै कायम राख्नुपर्नेमा प्रदेशका अधिकांश जिल्लावासीको भावना छ", उहाँले भन्नुभयो, "सुरुमा कसैले जनकपुरलाई मात्र राजधानी बनाउनुपर्ने, कतिपयले ढल्केबरसम्मलाई राजधानी बनाउनुपर्ने त कतिपयले वीरगञ्जलाई राजधानी बनाउनुपर्ने भनिरहेका थिए ।" तर अहिले जनकपुर राख्ने विषयमा खासै कसैको विरोध नरहेकाले जनकपुर नै राजधानी हुने प्रस्ताव पारित हुने उहाँको दाबी छ ।

धार्मिक, सांस्कृतिक, पौराणिक, भौगोलिक तथा भौतिक संरचनाका हिसाबले प्रदेशको राजधानी 'जनकपुर' उपयुक्त हुनेमा अधिकांश दलहरूबीच एक मत देखिएकाले राजधानीको विषय टुङ्गो लाग्ने धेरैको विश्वास छ । राजधानीको प्रस्ताव पारित हुनेमा विश्वस्त रहेका दलका नेता तथा प्रदेशसभा सदस्यहरू प्रदेश नामकरणको विषय पारित हुनेमा भने सशङ्कित छन् ।

प्रदेश नं २ मा जसपा, नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी) र नेकपा माओवादी केन्द्रको चार दलीय गठबन्धनको सरकार छ । तर प्रदेश राजधानीको विषयमा गठबन्धनभित्र एकमत देखिए पनि नामकरणको विषयमा भने फरक मत छन् । जसका कारण ठोस सहमति नभएसम्म नामकरणको विषय टुङ्गो लाग्ने सम्भावना नरहेको जानकारहरूको भनाइ छ । १०७ सदस्यीय प्रदेशसभामा अहिले जसपाका ३९, नेपाली कांग्रेसका १९, लोकतान्त्रिक समाजवादीका १६, नेकपा ( एकीकृत समाजवादी) का १३, नेकपा एमालेका आठ र नेकपा माओवादी केन्द्रका सातजना सदस्य रहेका छन् ।

प्रदेश नं २ मा चार दलीय गठबन्धनसँग ७८ प्रदेशसभा सदस्य छन् । "गठबन्धनसँग प्रदेशसभामा रहेका सदस्य सङ्ख्यालाई हेर्दा प्रस्ताव पारित गर्न दुई तिहाइ बहुमत पुग्छ", राजनीतिक विश्लेषक तथा प्राध्यापक देवनारायण यादवले भन्नुभयो, "तर गठबन्धन दलहरूभित्रै प्रदेशको नामका विषयमा फरक फरक धारणा र प्रस्ताव छन् ।" यस्तो अवस्थामा नामकरणको प्रस्ताव पारित हुने सम्भावना कमजोर रहेको उहाँको भनाइ छ । प्रदेश नं २ को नामका विषयमा सबै दलको आ-आफ्नै अडान रहेकाले दलीय सहमति नभएसम्म नामकरणको विषय टुङ्गिन गाह्रो रहेको विश्लेषक यादवले बताउनुभयो ।

मधेस पृष्ठभुमिका जसपा र लोसपा प्रदेशको नाम मधेस राख्ने पक्षमा देखिएका छन् भने प्रतिपक्षी नेकपा एमाले र सत्तारूढ दल नेपाली कांग्रेस 'मधेस' नाम कुनै हालतमा स्वीकार नगर्ने अडानमा छन् । नेकपा माओवादी केन्द्र प्रदेशको नाम मधेस राख्ने विषयमा लचिलो रहे पनि सत्तारूढ नेपाली कांग्रेस र नेकपा (एस) मधेस प्रदेशको पक्षमा नरहेको जसपाका प्रदेशसभा सदस्य रामअशिष यादवको भनाइ छ ।

नेकपा एमाले मिथिला वा जनक तथा कांग्रेसले मिथिला वा मिथिला-भोजपुरा प्रदेश नाम राख्नुपर्ने बताउँदै आएको छ भने नेकपा (एस) ले सबैको भावनालाई सम्बोधन हुने गरी नामकरण गर्नुपर्ने अडानमा छन् । जसपा र लोसपाका प्रदेशसभा सदस्यले प्रदेश नं २ को नाम मध्य-मधेस वा मधेस राख्नुपर्ने बताइरहँदा अन्य दलका नेताहरूले प्रदेशको नाम राजर्षि जनक, जानकी तथा मिथिला-भोजपुरा प्रदेश राख्दा उपयुक्त हुने बताइरहेका छन् ।

यसरी दलका नेताहरूको मत विभाजित हुँदा प्रदेशसभा गठन भएको दुई वर्षमा भए पनि प्रदेशको नाम र राजधानी पाउने जनताको विश्वासमाथि कुठाराघात भएकाले तत्काल दलीय सहमति कायम गरेर दुवै विषय टुङ्ग्याउनुपर्ने बुद्धिजीवीहरूको सुझाव छ ।

# मूल मुद्दाहरूमा समान धारणा बनाउन संवाद र सहकार्य आवश्यक : प्रधानमन्त्री देउवा

चितवन, १० मङ्सिर (रासस) ।

प्रधानमन्त्री शेरबहादुर देउवाले देश र जनतासँग जोडिएका मूल मुद्दाहरूमा समान धारणा बनाउन संवाद सहकार्य आवश्यक रहेको बताउनुभएको छ ।

नेकपा एमालेको १०औँ राष्ट्रिय महाधिवेशनलाई शुक्रबार यहाँ सम्बोधन गर्नुहुँदै उहाँले दलहरूबीच नीतिगत विषयमा भएका बिमतिहरूलाई संविधानमार्फत निर्धारण गरेका विधिबाट टुङ्गो लगाउनुपर्ने बताउनुभएको हो । नेपाली कांग्रेसका सभापतिसमेत रहनुभएका प्रधानमन्त्री देउवाले भन्नुभयो, "त्यसलाई हामी सबैले स्वीकार गर्ने पद्धति बसाल्नु पर्दछ । नेपाली कांग्रेस पार्टी यिनै मूल्य मान्यताप्रति प्रतिबद्ध रहेको छ ।"

लोकतान्त्रिक संसदीय शासन, पद्धतिको मर्मअनुसार १०औँ महाधिवेशन आयोजना गर्ने नेकपा एमालेलाई बधाई दिँदै उहाँले महाधिवेशनको पूर्ण सफलताको कामना पनि गर्नुभयो । उहाँले भन्नुभयो, "नेपालको लोकतान्त्रिक आन्दोलन विभिन्न उतारचढाव पार गर्दै देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न हामी सफल भएका हौँ ।" सबै मिलेर संविधानसभाबाट नयाँ संविधान बनाएको स्मरण गराउँदै उहाँले यसलाई संस्थागत गर्न जिम्मेवारी सबै दलहरूमा रहेको बताउनुभयो ।

प्रधानमन्त्री देउवाले नयाँ संविधानमार्फत लोकतन्त्रका मूल्य र मान्यतालाई संस्थागत गर्न यस अभियानमा विभिन्न राजनैतिक दलहरूसँगै नेकपा एमालेले महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्नुहुँदै हामीहरूबीच मतभेदहरू रहेको छ र त्यसैका कारण फरक राजनैतिक दलमा आबद्ध भएको बताउनुभयो । उहाँले भन्नुभयो, "लोकतान्त्रिक मूल्यमान्यतालाई जीवन पद्धति बनाउन, कानुनी शासन र जनाधिकार स्थापना गर्न, व्यक्तिगत स्वतन्त्रता र राष्ट्रिय स्वाधीनताको रक्षा गर्न तथा राष्ट्रियतामा जनतालाई सुनिश्चित गर्दै देशलाई समृद्ध बनाउन एवम् समृद्धिको पहुँचमा हरेक नागरिकलाई पु¥याउन हामी सबै पार्टी एक हुनुपर्दछ ।"

उहाँले हामी सहमति, सद्भावबाट हरेक समस्याको समाधान निकाल्न चाहन्छौँ भन्नुभयो । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलगायत उहाँका साथीहरू आफ्नो जेलका साथी भएको भन्दै उहाँले जुन अवस्था आफूहरूले भोग्यौँ अब जनताले भोग्न नपर्ने गरी काम गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "यी सबै कुराहरू हामी सबैले भोग्यौँ । जेलमा भोगेका दुःखलाई ध्यानमा राखेर भोलिका दिनमा कुनै नेपालीलाई कहीँ दुःख नपरोस् भन्ने कुरामा हामी सचेत हुनुपर्छ ।" एउटा मूल्य र मान्यतालाई संस्थागत गर्न आफू प्रतिबद्ध रहेको भन्दै उहाँले नेकपा एमालेले सरकारका विधि, विधानलाई थिति बसाल्ने काममा साथ दिनुपर्ने बताउनुभयो ।

प्रधानमन्त्री देउवाले मुलुक कोरोनाले आक्रान्त भएका बेला खोप पु¥याउनु हाम्रो पहिलो कर्तव्य थियो भन्दै सबैको साथ र सहयोगले लक्ष्य हासिल गर्न सफल भएको बताउनुभयो । नागरिकको जीवन रक्षाजस्तो यो महान् कार्यमा सबै राजनीतिक दल, सामाजिक संस्था तथा नागरिकहरू मित्रराष्ट्र, दातृ संस्थाहरूबाट प्राप्त सहयोगप्रति उहाँले सम्मान व्यक्त गर्नुभयो । कोरोना भाइरस सङ्क्रमण अहिले निराकरण हुँदै गएको भन्दै आर्थिक अवस्था सामान्य बन्दै गएको बताउनुभयो ।

प्रधानमन्त्री देउवाले लोकतान्त्रिक संविधानको भावनाअनुरुप देशमा सुशासन, सद्भाव, समृद्धि कायम गर्न आफ्नो पार्टी पद्धतिबद्ध रहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "मैले नेतृत्व गरेको वर्तमान सरकार यिनै मान्यताका आधारमा काम गर्ने विश्वास दिलाउँछु ।" संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनैतिक दलहरूसँग सहकार्य गरी देश र जनतालाई केन्द्रमा राखेर साझा धारणाका मान्यतामा म आफू प्रतिबद्ध रहेको प्रधानमन्त्री देउवाले भन्नुभयो ।

## एडिबीले सात अर्ब ऋण दिने

काठमाडौँ, १० मङ्सिर (रासस) ।

एसियाली विकास बैंक(एडिबी)ले नेपालको विद्युतीय प्रणालीको सुधार एवम् आधुनिकीकरणका लागि करिब रु सात अर्ब आठ करोड बराबरको ऋण सहायता उपलब्ध गराएको छ । अर्थ मन्त्रालयमा शुक्रबार आयोजित ऋण सहायतासम्बन्धी द्विपक्षीय सम्झौतामा अर्थसचिव मधुकुमार मरासिनी र बैंकका देशीय निर्देशक अर्नड काउचिसले हस्ताक्षर गर्नुभयो ।

नेपालको विद्युत् प्रणालीको विकास र विस्तारका लागि एडिबीले निरन्तर सहयोग उपलब्ध गराउँदै आएको सन्दर्भमा आजको ऋण सहयोग अर्को महत्वपूर्ण रहेको छ । ऋण सहयोगबाट नेपालगञ्जदेखि कोहलपुरसम्म १३२ केभी क्षमताको प्रसारण लाइन निर्माण हुनेछ । यस्तै काठमाडौँ उपत्यकाको विद्युत् प्रणालीमा महत्वपूर्ण मानिएको चोभारदेखि लगनखेलसम्मको प्रसारण लाइन निर्माण हुनेछ ।

त्यस्तै ऋण सहयोगबाटै दुम्किवास, लगनखेल, नेपालगन्ज र मुलपानीमा अत्याधुनिक सबस्टेशन निर्माण गरिने छ । त्यससम्बन्धी आवश्यक तयारी भइसकेको प्राधिकरणले जनाएको छ । अर्थसचिव मरासिनीले प्रसारण लाइनको विस्तारले विद्युत्को माग तथा उत्पादन बढाउनसमेत सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले आन्तरिकरूपमा बिजुली उत्पादन बढ्दै जाँदा व्यापार घाटा कमसमेत गर्न सहयोग पुग्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा एडिबीका देशीय निर्देशक अमुद काउचिसले ऋण सहयोगले नेपालको उत्पादित विद्युत्को प्रसारणका अतिरिक्त गुणस्तरमासमेत वृद्धि हुने बताउनुभयो । नेपालको विद्युत् वितरण प्रणालीमा सुधार, प्रसारण लाइन विस्तार साथै विद्युत् उत्पादनसमेतमा वृद्धि गर्ने लक्ष्य लिइएको छ । काठमाडौँ उपत्यकाको भूमिगत प्रसारण लाइन निर्माणसमेतमा एडिबीले नै ऋण सहायता उपलब्ध गराएको छ ।

## दुई सय ७० मा कोरोना संक्रमण पुष्टि

काठमाडौँ, १० मङ्सिर (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा थप २७० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । यस अवधिमा दश हजार ४४६ को पीसीआर परीक्षण गरिएको थियो ।

योसँगै नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा सङ्क्रमितको सङ्ख्या आठ लाख २० हजार ५२७ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या ९५ हजार ४५२ पुगेको छ । पछिल्लो समय थप ३०२ जना कोरोनाबाट निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या आठ लाख एक हजार ७२२ पुगेको छ । निको हुने दर ९७ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट दुई जनाको मृत्यु भएको छ । योसँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५१८ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत रहेको छ । त्यसैगरी पछिल्लो समय एक लाख ९६ हजार ८५३ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ । हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार २८७ रहेको छ । हाल होम आइसोलेशनमा छ हजार ८९६, संस्थागत आइसोलेशनमा ३९१, सघन उपचार कक्षमा १७५ र भेन्टिलेटरमा ३३ जनाको उपचार हुँदैछ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्रिय जनगणना : पुसदेखि तथ्याङ्क प्रशोधन, जनसङ्ख्या तीन करोड नजिक पुग्ने अनुमान

काठमाडौँ १० मङ्सिर (रासस) ।

राष्ट्रिय जनगणना २०७८ को मूल गणना कार्य बिहीबारदेखि सम्पन्न भएको छ । गत कात्तिक २५ देखि शुरु भएको 'फिल्ड'को कार्य सकिएर अब तथ्याङ्क प्रशोधन प्रारम्भ गर्ने चरणमा गएको तथ्याङ्क विभागले जनाएको छ । यसपटकको जनसङ्ख्या झण्डै तीन करोड नजिक पुग्ने प्रारम्भिक अनुमान गरिएको तथ्याङ्क विभागका महानिर्देशक नेबिनलाल श्रेष्ठले जानकारी दिनुभयो । आउँदो पुसदेखि जनगणनाको विवरण प्रशोधन सुरु गरी करिब तीन महिनामा प्रारम्भिक नतिजा तथा एक वर्षपछि अन्तिम नतिजा सार्वजनिक गर्ने तयारी प्रक्रिया अघि बढेको जनाइएको छ ।

विभागले जनगणनाको महाअभियानमा स्थानीयस्तर मै खटिएर अथक प्रयास गरी विवरण सङ्कलन गर्ने गणक तथा सुपरिवेक्षक र गणनामा सहभागी भई सत्यतथ्य विवरण दिने उत्तरदातालाई धन्यवाद दिएको छ । जनगणनाको व्यवस्थापन र गुणस्तर नियमनको लागि केन्द्रदेखि स्थानीयस्तरसम्म कार्य गर्ने सम्पूर्ण कर्मचारी, जनगणनाको प्रचारप्रसार तथा सचेतना, सहयोग र समन्वय गर्ने सञ्चारकर्मी, विज्ञ समूह, राष्ट्रिय तथा अन्तरराष्ट्रिय सङ्घसंस्था एवम् जनगणनाका क्रियाकलापमा प्रत्यक्ष वा परोक्षरूपले सहयोग गर्ने सम्पूर्णमा विभागले आभार व्यक्त गरेको छ ।

जनगणना कोभिड-१९ को विश्वव्यापी महामारीले गर्दा पूर्वनिर्धारित समयभन्दा करिब पाँच महिना ढिलो गरी सञ्चालन भएको थियो । "जनगणनाको बाह्रौँ श्रृङ्खला सञ्चालन गर्दैगर्दा धेरै कुरा सिकेका छौँ, जसले हामीलाई आगामी गणना तथा सर्वेक्षणमा पृष्ठपोषण दिनेछ", विभागले शुक्रबार पत्रकार सम्मेलनपछि वितरित विज्ञप्तिमा उल्लेख गरेको छ ।

यसपालिको तथ्याङ्क सङ्कलनमा डिजिटल प्रविधिको प्रयोग, सामुदायिक प्रश्नावलीबाट वडातहसम्मको आधारभूत विवरण सङ्कलन, विदेशस्थित कूटनैतिक नियोगमा इसेन्सस् विधिबाट गणना गरिएको र त्यसका लागि विगतभन्दा एक तह माथिको शैक्षिक योग्यता भएका स्थानीय बेरोजगार युवाको सङ्लग्नता रहनु प्रमुख विशेषता भएको विभागले जनाएको छ । नेपालको भू-भागभित्रका तराई, पहाड र हिमालका सम्पूर्ण स्थानको गणना सम्पन्न भएको र केही विवादित क्षेत्रमा कूटनैतिक पहल गरी छिटै गणना सम्पन्न गर्ने पनि विभागले उल्लेख गरेको छ ।

आउँदो पुसदेखि विभागको डाटा सेन्टरमा जनगणनाको विवरण प्रशोधन सुरु गरी करिब तीन महिनापछि प्रारम्भिक नतिजा तथा एक वर्षपछि क्रमशः अन्तिम नतिजा र अन्य विषयगत प्रतिवेदन प्रकाशन गर्ने विभागको तयारी छ । जारी विज्ञप्तिमार्फत भनिएको छ, "हामीले सञ्चालन गर्ने सबै प्रकारका गणना र सर्वेक्षणमा सम्पूर्ण उत्तरदाता र सरोकारवाला सबै व्यक्ति तथा संस्थाबाट आगामी दिनमा पनि यस्तै सहयोग र समन्वयको अपेक्षा गरेका छौँ ।"

**गणनाका १३ अनुभव**

जनगणनाका सन्दर्भमा अवलोकन गरिएका उल्लेखनीय विषयलाई विभागले बुँदागतरूपमा सार्वजनिक पनि गरेको छ । तेह्र बुँदामा समावेश भएको उक्त निष्कर्ष अनुसार गणक दोलखाको विगु गाउँपालिका-१ स्थित चाइनाको बोर्डरमा रहेको लप्ची गाउँमा पुग्न तीन दिन लागेकाले जङ्गलमा दुई रात बास बस्नुपरेको तथा पहाडको ढुङ्गा खोपेर बनाएको बाटोमा डोरी समातेर हिड्नु परेको जनाइएको छ ।

बाग्लुङ जिल्लाको ढोरपाटन नगरपालिका-९ मा कायत जातिको बसोबास रहेकोमा २०६८ सालको जनगणनामा उक्त जाति अलगरुपमा उल्लेख नभएको र हालको गणना उक्त जाति नआउने हो भने जनगणना भाग नलिने भनी केही समय जनगणना प्रभावित भएको जनाइएको छ । जिल्ला जनगणना कार्यालयले सम्बन्धित समुदायसँग छलफल गरी समस्या समाधान गरी जनगणना गरेको र कायत जाति कायम गर्न विभागमा जानकारी गराउने मौखिक सहमति भएको छ ।

दार्चुलाको व्यास गाउँपालिका-१ छाङरुङ र टिङ्कर वस्ती पुग्न नेपालतर्फ बाटो नभएको र भारतको बाटो भएर एक दिनमा पुग्न सकिने भएकाले भारत सरकारका स्थानीय प्रतिनिधिमार्फत उक्त क्षेत्रमा जान सहमति माग गर्दा पनि सहमति प्राप्त नभएकाले जनगणनामा समस्या भएको थियो । विभागले सहायक जनगणना अधिकारी खगेन्द्र कार्कीसहित तीन गणक उक्त स्थानमा जान नसकेपछि अन्य दुई गणकले तीन दिन लगाएर उक्त क्षेत्रमा पुगि जनगणना सम्पन्न गरेको उल्लेख गरेको छ । उनीहरूलाई सेनाको हेलिकप्टरमार्फत सदरमुकाम ल्याइएको थियो ।

गणकले गलत विवरण टिपेको र विभिन्न अभियन्ताले सामाजिक सञ्जाल तथा प्रत्यक्षरुपमा गलत प्रचार प्रसार र गणकलाई विवरण टिपाउन दवाव दिएको सम्बन्धमा विभागको गम्भीर ध्यानाकर्षण भएको र गणकले उत्तरदाताले भनेको विवरण टिप्न र अभियान्ताले गलत प्रकारले दवाव नदिन प्रेस विज्ञप्तिमार्फत अनुरोध गरिएको थियो । यसै सन्दर्भमा आदिवासी जनजाती आयोगमा तथ्याङ्क सङ्कलनका क्रममा उठेका विवादका सम्बन्धसमेतमा छलफल भइ आयोगले सत्य तथ्य विवरण टिप्न टिपाउन अनुरोध गरेको जनाइएको छ ।

विभागले जनगणना गर्ने क्रममा कैलालीमा एक सुपरिवेक्षक, धादिङ र रसुवामा क्रमशः एक/एक गणकको मृत्यु भएको, चार जना गणकलाई कुकुरले टोकेको र दुई जनाको खुट्टा भाँचिएको जानकारी गराएको छ । केही गणकलाई कोभिड-१९ सङ्क्रमणसमेत भएको थियो । विभागले मृत्यु भएकाप्रति श्रद्धाञ्जलि अर्पण गर्दै परिवारमा समवेदना प्रकट गरेको छ । घाइतेको स्वास्थ्य लाभको कामना पनि गरिएको छ । उनीहरूका सन्दर्भमा सरकारकोतर्फबाट बीमा गरिएको र क्षतिपूर्तीको व्यवस्था बमोजिम सहजीकरणको कार्य भइरहेको विभागका सूचना अधिकारी तीर्थराज चौलागाईंले जानकारी दिनुभएको छ ।

**करिब तीन करोड नजिक पुग्ने**

विभागले घर तथा घरपरिवार सूचीकरण कार्यमा ६८ लाख परिवारको गणना भएको जानकारी दिएको छ । जुन विसं २०६८ सालको जनगणनाअनुसार प्रक्षेपण गरिएको करिव नजिक रहेको जनाइएको छ । जसअनुसार केही तलमाथि भए पनि जनसङ्ख्या करिब तीन करोड नजिक पुग्ने अनुमान गर्न सकिन्छ ।

राष्ट्रिय जनगणनाको स्वतन्त्ररुपमा पर्यवेक्षण गर्नको लागि युएनएफपिएको अनुरोधमा युनएफपिए, बेलायती राजदूतावास, जनसङ्ख्या अध्ययन शास्त्र केन्द्रीय विभागका करिब २५ जना र कर्णाली एकीकृत ग्रामिण विकास तथा अनुसन्धान केन्द्रमार्फत नागरिकस्तरको अवलोकन समितिका २५ जना रहेका थिए ।

जनगणनामा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सदस्य, सचिव तथा सहसचिव र अन्य कर्मचारीलगायत अन्य मन्त्रालयसमेतका गरी १०० जनाबाट केन्द्रीय अनुगमन तथा सुपरिवेक्षणकार्य भएको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो । प्रदेश तथा जिल्लामा प्रदेश प्रमुख/सचिवलगायत जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, मेयर, उपमेयर, वडा अध्यक्षबाट जनगणना कार्यको अवलोकलन तथा अनुगमन भएको थियो ।

यस पटक यौनिक तथा लैंगिक समुदायका व्यक्ति तथा अपाङ्ता महासङ्घ तथा अन्य सङ्घ संस्थामार्फत तालिममा सहजीकरण र गणनाको अनुगमन भएको थियो । नागरिक समाजको तर्फबाट स्वतस्फूर्त अनुगमन भएका थिए भने गणक तथा सुपरिवेक्षकले सामाजिक सञ्जालमार्फत प्रचार र छलफल गरेका थिए । प्रदेश तथा जिल्ला जनगणना कार्यालय र स्थानीय जनगणना कार्यालयका कर्मचारीले गणनाको अवधिमा सामूहिक छलफल तथा अन्तक्रिया गरी जनगणनाको गुणस्तर सुनिश्चित गरेको पनि विभागद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

दुरसञ्चार प्राधिकरणमार्फत नेपाल टेलिकम, एनसेल, स्मार्ट टेलिफोनले जनगणना अवधिमा जनगणनाको सन्देश कलर ब्याक रिङ टोन निःशुल्करुपमा सञ्चालन गरेकाले जनगणनाको सन्देश आम नागरिक समक्ष सहजरुपमा पुगेको विभागले जनाएको छ ।

नेपालमा हरेक १०/१० वर्षमा राष्ट्रिय जनगणना हुने गरेको छ । मुलुकमा पहिलो जनगणना १०९ वर्षअघि विसं १९६८ मा चन्द्रशम्शेर राणा प्रधानमन्त्री भएका बेला थालनी भएको थियो । यो क्रम अहिले अझै वैज्ञानिकरूपमा सञ्चालन भइरहेको छ । विसं २०६८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्या दुई करोड ६५ लाख थियो । 'मेरो जनगणना मेरो सहभागिता' नारासहित शुरु यसपालीको जनगणनामा ८० प्रश्न समावेश थियो । जनगणना गर्न ४० हजार गणक र आठ हजार ५०० सुपरीवेक्षक खटाइएको थियो ।

# थप उपचारका लागि माओवादी नेता पुनलाई चीन लगियो

काठमाडौँ, १० मङ्सिर (रासस) ।

नेकपा (माओवादी केन्द्र)का स्थायी समिति सदस्य वर्षमान पुनको थप स्वास्थ्योपचारका लागि थाइल्याण्डबाट शुक्रबार चीन लगिएको छ ।

माओवादीका केन्द्रीय सदस्य एवं नेता पुनका स्वकीय सचिवसमेत रहनुभएका दुर्गा चापागाईंका अनुसार थर्ड पिपल्स हस्पिटल अफ सेनजेन लगिएको हो ।

विगत डेढ महिनादेखि उहाँको थाइल्याण्डस्थित समितिभेज अस्पतालमा उपचार भइरहेको थियो । जटिल प्रकारको जण्डिसबाट पीडित हुनुभएका नेता पुनको स्वास्थ्यमा उल्लेख्य सुधार नभएपछि चिकित्सकको सुझावका आधारमा चीनको सेनजेन पठाइएको हो ।

नेता पुनसँगै उहाँका पत्नी एवं पूर्वसभामुख ओनसरी घर्ती र छोरी शीला पनि बैंककबाट चीनको सेनजेन जानुभएको छ । उहाँहरुको शुक्रबारैदेखि स्वास्थ्य उपचार हुनेछ । जण्डिसले पिरोलेपछि नेता पुन गत असोज १३ गते बैंकको समितिभेज अस्पतालमा भर्ना गरिएको थियो । उपचारका क्रममा सुधार नभएपछि चिकित्सकको सल्लाहमा चीनको सेनजेन लगिएको नेता चापागाईले बताउनुभयो ।

नेता पुनको थप उपचारका लागि माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आवश्यक पहल गर्नुभएको बताइएको छ ।

## विश्व समाचार

### रुसमा कोइला खानी दुर्घटनामा परी ५२ मजदूर र छजना उद्धारकर्मीको मृत्यु

मस्को, १० मङ्सिर (रासस/सिन्ह्वा) ।

रुसमा कोइला खानी दुर्घटनामा परी कम्तीमा पनि ५२ जनाको ज्यान गएको समाचारमा जनाइएको छ । प्राप्त समाचारअनुसार रुसको केमरोभो प्रान्तमा बिहीबार सो दुर्घटना भएको थियो । उक्त दुर्घटनामा परी मृत्यु हुनेमा ६ जना उद्धारकर्मी पनि परेका छन् । मृत्यु भएका ५२ जनामध्ये ६ जना उद्धारकर्मी पनि परेका हुन् ।

यहाँका अधिकारीले गएको पाँच वर्षमा यो सबैभन्दा ठूलो खानी दुर्घटना भएको जनाएका छन् । रुसी समाचार समिति तासले जनाएअनुसार सो दुर्घटनामा परेका मजदूर कोही पनि जीवित नरहेको बताएको छ । सो समाचार समितिले उक्त दुर्घटना परेको थाहा भएपछि उद्धारको काम थालिएको तर पनि त्यहाँ च्यापिएर रहेकामध्ये कोही पनि जीवित नपाइएको सो समाचारमा जनाइएको छ ।

कोइला खानीमा विस्फोट भएको थियो । त्यसपछि कोइलाको कालो धुलोले खानीभित्र अँध्यारो भएर उद्धारको काम गर्न निकै कठिन भएको थियो । रुसको सो समाचार समितिले दुर्घटनाको क्रममा सो खानीमा कम्तीमा पनि २८५ जना मजदूर र कर्मचारी रहेका थिए । त्यसपछि कतिपयलाई उद्धार गरेर बाहिर निकालिएको थियो । यस दुर्घटनामा घाइते भएका मजदूरको उपचार जारी रहेको बताइएको छ । उनीहरुलाई खानीभित्रको कोइलाको कालो धुँवाले असर गरेको बताइएको छ ।

### भारतमा एक दिनमा दश हजार ५७९ नयाँ कोरोना सङ्क्रमित

नयाँदिल्ली, १० मङ्सिर (रासस/एएनआई) ।

भारतमा कोरोना भाइरसबाट पछिल्लो एक दिनमा थप दश हजार ४८८ जना सङ्क्रमित भएको केन्द्रिय स्वास्थ्य मन्त्रालयले शुक्रबार जानकारी दिएको छ । भारतमा अहिले कोरोना भाइरसबाट सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या एक लाख १० हजार १३३ रहेको छ ।

यो सङ्ख्या कूल सङ्क्रमित भएकामध्येको ०.३२ प्रतिशत मात्रै हो । सक्रिय सङ्क्रमितको सङ्ख्या सन् २०२० को मार्च पछिकै सबैभन्दा कम भएको पनि मन्त्रालयका अधिकारीले जनाएका छन् । पछिल्लो २४ घण्टामा भारतमा नौ हजार ८६८ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड ३९ लाख ७७ हजार ८३० रहेको मन्त्रालयले जनाएको छ ।

यो सङ्ख्या कूल सङ्क्रमितमध्येको ९८.३३ प्रतिशत हो । यो पनि सन् २०२० को मार्चपछिकै सबैभन्दा धेरै भएको मन्त्रालयका अधिकारीको भनाइ छ । बिहीबार मात्र कोरोना सङ्क्रमणको कारण ४८८ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

यहाँ हालसम्म ६३ करोड ७१ लाख भन्दा बढी व्यक्तिले कोरोना भाइरसको परीक्षण भएको जनाइएको छ । भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो । सो समयदेखि हालसम्म एक अर्ब २० करोड २७ लाख भन्दा बढी डोज खोप लगाइएको छ ।

### साङ्घाइमा तीनवटा कोभिड केश भेटिएपछि उडान रद्द गरियो, विद्यालय बन्द

साङ्घाई, १० मङ्सिर (रासस/एएफपी) ।

चीनले आफ्नो कडा शून्य-कोभिड नीति जारी राखेको कारण साङ्घाइमा तीन कोरोना भाइरसका घटना भेटिएपछि सयौं उडान रद्द गरियो, केही विद्यालय बन्द गर्नुको साथै भ्रमण समूह शुक्रबार रद्द गरिएको छ । बेइजिङले यात्रा प्रतिबन्ध र कडा रुपमा गरिएका लकडाउनका कारण आफ्नो सिमानामा कोरोना भाइरसको फैलावटलाई नियन्त्रण गर्न धेरै हदसम्म सफल भएको छ ।

साङ्घाइबाट नजिकै पर्ने सहर सुझाउबाट फर्किएका तीन व्यक्तिमा कोरोनाको सङ्क्रमण देखा परेको जनाइएको छ । बिहीबार साँझ जारी एक पत्रकार सम्मेलनमा स्वास्थ्य अधिकारीले कोरोना सङ्क्रमण भएका यी तीन जनाले नै पूर्ण मात्रा खोप लगाएका जानकारी दिइएको छ । शुक्रबार सांघाइका दुई प्रमुख विमानस्थलबाट ५०० भन्दा बढी उडान रद्द गरिएका सम्बन्धित अधिकारीले जानकारी दिएका छन् ।

### बंगलादेशको चटगाउँनजिकै ६.३ म्याग्निच्युडको भूकम्प

चटगाउँ बङ्गलादेश, १० मङ्सिर (रासस-एएनआई) ।

बंगलादेशको चटगाउँको पूर्वमा शुक्रबार बिहान ६.३ रिक्टर स्केलको भूकम्प गएको छ । युरोपेली-भूमध्य भूकम्प विज्ञान केन्द्रले जनाएअनुसार भूकम्प चटगाउँबाट १८३ किलोमिटर पूर्वमा ६० किलोमिटर गहिराइसम्म गएको थियो ।

# उत्कृष्ट पारी खेल्दै टिमलाई जिताए आदिल, आफ्नो ‘क्रिकेट आइडल को नाम

**दैनिक समाचारदाता**
**राजबिराज, १० मंसिर ।**

काठमाडौंमा जारी वाईवाई यू-१९ एकदिवसीय प्रतियोगितामा प्रदेश २ लाई विजयी सुरुवात दिलाउन आदिल अन्सारीले अविश्सनीय पारी खेले । आठौं नम्बरमा ब्याटिङ गरेका उनले हार नजिक पुगेको म्याच टिमलाई जित दिलाएका हुन् ।

आदिलले ४३ बलमा ६ छक्का र ७ चौकाको सहयोगमा अविजित ८७ रन बनाए । पहिलो खेलमै उत्कृष्ट पारी खेल्दै टिमलाई जिताएपछि उनले प्रतिक्रिया दिएका छन् ।

“ब्याटिङमा टिम प्रेसरमा थियो, रन बनाउन विकेट सेभ गर्नु थियो । यो मेरो जीवनको उत्कृष्ट इनिङ्समध्ये एक हो । हुन त यस्तो इनिङ्सहरू मैले प्रदेश २ मा धेरै खेलेको थिए । तर, लाइभ थिएन, जसकारण बाहिरका मान्छेलाई थाहा भएन । भर्खरै सम्पन्न मिथिला कपमा पनि उत्कृष्ट प्रदर्शन गर्दै मैले टिमलाई फाइनलसम्म पुऱ्याएको थिए,” म्याच सकिएपछि आदिलले सञ्चारकर्मीसँग भने ।

उनले अर्को एन्डमा रहेका प्रदीप पासवनले राम्रो साथ दिँदा पनि सुदूरपश्चिमविरुद्ध जित निकाल्न सहज भएको बताए । ‘प्रदीप दाई सिनियर प्लेयर हुनुहुन्छ, मैले उहाँलाई केही भनिन । बरु उहाँले मलाई केही कुरा भन्नुभएको थियो । उहाँको राम्रो साथले पनि पहिलो म्याच जित्न सक्यौं,” आदिलले भने, “उत्कृष्ट पारी




खेल्दै टिमलाई जिताउन पाएकोमा सपना जस्तै लागेको छ । बयान गर्न मन भित्रबाट आइरहेको छैन, धेरै खुसी लागिरहेको छ ।”

उनले अझै उत्कृष्ट प्रदर्शन गर्दै राष्ट्रिय टिममा स्थान बनाउने लक्ष्य राखेको पनि बताए । आदिलले यो स्थानसम्म पुग्न आफूले कडा मिहिनेत गरेको पनि सुनाए ।

‘मैले सिंगलरडबलभन्दा आक्रामक क्रिकेट खेल्न अभ्यास गरेको थिए । त्यो काम पनि लाग्यो । अझै योभन्दा उत्कृष्ट प्रदर्शन गर्न मिहिनेत गर्नेछु,˪ ” उनले भने, ‘उत्कृष्ट प्रदर्शन गर्दै नेसनल टिमका लागि खेल्ने आशा बोकेको छु ।”

तपाईं आफ्नो क्रिकेट आइडल कसलाई मान्नुहुन्छ भन्ने प्रश्नमा आदिलले भने, ‘अहिले त म अनिल शाह, पवन दाईलाई मान्छु, उहाँहरूले मलाई धेरै सहयोग गर्नुभएको छ । उहाँहरूले ब्याटिङ टिप्सदेखि धेरै कुरा क्लबमा सिकाउनुहुन्छ । उहाँहरूलाई धेरै धन्यवाद पनि छ । दाईहरूका कारण मैले हिटिङका साथै गेम पनि सुधार गरेको छु ।”

उनले आफूले प्रायः ५/६ नम्बरमा ब्याटिङ गर्ने गरेको पनि बताए । प्रदेश २ को भन्दा त्रिवि क्रिकेट मैदानको पीच ब्याटिङका लागि अनुकूल रहेको पनि आदिलले सुनाए ।

सुदूरपश्चिमले दिएको २९१ रनको लक्ष्य प्रदेश २ ले ४९.१ ओभरमा ८ विकेट गुमाएर पूरा गर्यो । उसको जितमा आदिल अन्सारीले ८७, अमित यादवले ४९, गुलशन झाले ४८, रोहन बिकले २३, सन्तोष कार्कीले २१, आशिस झाले १६, कप्तान विवेक यादवले १४, प्रदीप पासवानले ९, सम्सद मुन्सारीले ७ र तृतराज दासले २ रन बनाए ।

बलिङमा शेर मल्ल, नरेन्द्र साउँदले तीनरतीन, लोकेश बम र हेमन्त धामीले एकरएक विकेट लिए । त्यसअघि, कीर्तिपुरस्थित त्रिवि मैदानमा टस हारेर ब्याटिङको मौका पाएको सुदूरपश्चिमले ४१.४ ओभरमा सबै विकेट गुमाएर २९० रन बनायो ।

उसका लागि अर्जुन साउँद र लोकेश बलमे उत्कृष्ट ब्याटिङ गरे । अर्जुनले ८५ बलमा १४ चौका र पाँच छक्कासहित ११६ रनको पारी खेले । उनी जारी प्रतियोगितामा शतक बनाउने पहिलो ब्याटर हुन् ।

त्यस्तै, लोकेशले ७३ बलमा १३ चौका र एक छक्काको सहयोगमा ८१ रन बनाए । नरेश भट्टले ३०, बसन्त कार्कीले २७ र कप्तान गजेन्द्र बोहराले १६ रन बनाए । बलिङमा प्रदीप पासवानले तीन, कप्तान विवेक यादव, अजय यादवले दुई/दुई, आदिल अन्सारी र तृतराज दासले एक/एक विकेट लिए ।

# ट्र्याक्टरमा च्यापिएर चालकको मृत्यु

**दैनिक समाचारदाता**
**जनकपुर, १० मंसिर ।**

धनुषाको नक्टाझिजमा शुक्रबार ट्र्याक्टर चालकको मृत्यु भएको छ । बालुवा लोड गरेको ट्र्याक्टरमा च्यापिएर उनको चालकको मृत्यु भएको हो ।

मृत्यु हुनेमा ज.१त. ४१७२ नम्बरको ट्र्याक्टरका चालक धनुषाको मिथिला नगरपालिका ७ निवासी २५ वर्षीय चेतन महतो रहेको प्रहरीले जनाएको छ ।

लोड गरिएको बालुवा झार्ने क्रममा अचानक इन्जिनमाथि उठ्दा च्यापिएर चालक महतोको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरले जनाएको छ ।

शव परीक्षणको लागि प्रादेशिक अस्पतालमा राखिएको र घटना विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# भऱ्याङबाट लडेर छात्रको मृत्यु

**दैनिक समाचारदाता**
**महोत्तरी, १० मंसिर ।**

महोत्तरीको रामगोपालपुर नगरपालिका १ स्थित बसबिट्टी माध्यमिक विद्यालयमा अध्ययरत एकछात्रको लडेर मृत्यु भएको छ ।

मृत्यु हुनेमा बलवा नगरपालिका-१ का १८ वर्षीय सन्दीप महतो रहेका प्रहरीले जनाएको छ ।

विद्यालयको भऱ्याङमाथि मोबाइलमा वाइफाइ चलाउन चढेका उनी लडेर घाइते भएका र उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

गम्भीर घाइते महतोलाई उपचारको लागि जनकपुरस्थित काव्या अस्पतालमा लगिएको त्यहाँ सुधारोन्मुख नभएपछि थप उपचारको लागि सिरहाको कर्जनहामा अवस्थित फूलकुमारी महतो मेमोरियल अस्पतालमा लगिएको थियो । सोही अस्पतालमा उपचारकै क्रममा गए राति उनीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

# चिया टिप्दै गर्दा जङ्गली हात्तीको आक्रमणबाट मृत्यु

झापा, १० मङ्सिर (रासस) ।

चिया टिप्दै गरेका एक मजदुरको जङ्गली हात्तीको आक्रमणबाट शुक्रबार बिहान मृत्यु भएको छ ।

मृत्यु हुनेमा भद्रपुर नगरपालिका-९ का ६० वर्षीय रामबहादुर बुर्जा (मगर) रहेको प्रहरीले जनाएको छ ।

शुक्रबार बिहान ६:३० बजे मेचीनगर नगरपालिका-१४ शनिबारेस्थित टङ्क पौडेलको चिया बगानमा चिया टिप्ने क्रममा जङ्गली हात्तीले आक्रमण गर्दा उनको घटनास्थलमै मृत्यु भएको हो ।

# आगलागीमा २० लाखको क्षति

**दैनिक समाचारदाता**
**महोत्तरी, १० मंसिर ।**

महोत्तरीको सोनमा गाउँपालिका २ स्थित एक घर, किराना पसल र धान कुट्ने मिलमा शुक्रबार बिहान आगलागी भएको छ । सो आगलागिमा २० लाख बराबरको क्षति भएको छ ।

स्थानीय रामएकवाल साहले घरमा आगलागी हुँदा किराना पसलभित्रका सम्पूर्ण सरसामान सहित मिलमा रहेका सम्पूर्ण अन्न क्षति भएको प्रहरीले जनाएको छ ।

सो आगलागीबाट मानवीय तथा पशुजन्य क्षति नभएको र स्थानीयवासीका सहयोगमा आगो नियन्त्रणमा लिइएको जनाइएको छ ।

# देश बनाउन एमालेको एकल बहुमत आवश्यक : अध्यक्ष ओली



चितवन, १० मङ्सिर (रासस) ।

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले समृद्ध मुलुक निर्माणका लागि एमालेले बहुमत ल्याउने गरी जनताका बीचमा जाने बताउनुभएको छ ।

नारायणी नदी किनारमा आयोजित एमालेको दसौं राष्ट्रिय महाधिवेशनको उद्घाटनसत्रमा उहाँले आफ्नो नेतृत्वको सरकारले ताजा निर्वाचनमा जान गरेको प्रस्तावलाई त्यसबेला अन्य दलले स्वीकार नगरे पनि अब चाँडै मुलुक निर्वाचनमा जाने भएकाले त्यसको तयारी गर्दै एमालेले बहुमत ल्याउने गरी जनताका बीचमा जाने बताउनुभएको हो ।

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष ओलीले देशमा समृद्धि, सार्वभौमिकता, लोकतन्त्र र संविधानको रक्षाका लागि एमालेको एकल बहुमत आवश्यक रहेको जिकिर गर्दै देशलाई मिलेर अघि बढाउन एमालेमा सामेल भएर आउन अन्य दलमा रहेका नेता कार्यकर्तालाई आग्रह गर्नुभयो । “एमालेले आउँदो फागुनसम्म देशभर पार्टी प्रवेशका व्यापक कार्यक्रम आयोजना गर्नेछ”, उहाँले भन्नुभयो, “एमाले गफ गर्ने पार्टी होइन, देश र जनताका लागि काम गर्ने पार्टी हो ।”

अध्यक्ष ओलीले एमालेले छिमेकी र अन्य मुलुकसँग पारस्परिक लाभ, आपसी समानता र सार्वभौमिकताका आधारमा सम्बन्ध विकास गर्न चाहेको उल्लेख गर्दै आफू नेतृत्वको सरकारले पृथकतावाद र हिंसात्मक गतिविधिमा संलग्न पक्षहरूलाई शान्तिपूर्ण राजनीतिको मूल प्रवाहमा ल्याएकाले अब कुनै हिंसाको वातावरणको काम नरहेकाले विदेशीहरूले लगानी गर्ने वातावरण रहेको बताउनुभयो ।

**महाधिवेशन उदाहरणीय बन्ने**

अध्यक्ष ओलीले महाधिवेशनको बन्द सत्रले उच्चस्तरमा सहमति, एकता र लोकतान्त्रिक अभ्याससहित विशेष उदाहरणीय र उल्लासपूर्णरुपमा सम्पन्न भएर सफलताको सूचनासहित यही मङ्सिर १३ गते पत्रकार सम्मेलनबाट घोषणा गर्ने बताउनुभयो । उहाँले एमाले र अर्को पाँच वर्ष देशलाई नै हाँक्न सक्ने नेतृत्व चुन्नु महाधिवेशनको कार्यभार भएकाले सानातिना अन्तरविरोधमा नअल्मिएर देश निर्माणका भावना र उचाइका आधारमा अघि बढ्न नेता कार्यकर्तालाई आग्रह गर्नुभयो ।

## *छिन्नमस्ताका ...*

नारायण दासले जानकारी दिए ।

सबै सामुदायिक विद्यालयहरुका विधार्थीहरुका लागि तत्कालै पाठ्यपुस्तकसहित अन्य निकासको व्यवस्था हुनुपर्ने, सबै विद्यालय, शाखा, उपशाखा, वडा कार्यालय, स्वास्थ्य संस्थालगायत गाउँपालिका कार्यालयलाई चाहिने अतिआवाश्यक सामाग्री उपलब्ध गराउनु पर्ने, आर्थिक कारोबारको अधिकारसहित कार्यालय प्रमुखको व्यवस्था हुनुपर्ने, रोकिएको तलव तुरुन्त निकाशा हुनुपर्ने लगायत ६ सुत्रिय माग राखेर मंसिर १ गते कामकाज ठप्प पारी धर्ना बसेपछि गाउँपालिकाको सबै कामकाज प्रभावित भएका थिए ।

विगत ६ महिनादेखि तलव खान नपाएका शिक्षक, कार्यालय कर्मचारी गत कार्तिक २८ गतेदेखि चरणबद्ध रिले अनशनसहितका आन्दोलनमा उत्रिएका थिए ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६





**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*